# मानननीय मन्त्री कृष्ण प्रसाद पाठकज्यूको

# १०० दिनका उपलब्धिहरू




गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, नेपाल

# गण्डकी प्रदेश: स्थानीय तह




| स्वास्थ्य संस्थाका प्रकार | संख्या |
|---|---|
| **सरकारी** | |
| अस्पताल | ४१ |
| प्राथमिक स्वास्थ्य सेवा केन्द्र | १७ |
| स्वास्थ्य चौकी | ४७८ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | १८६ |
| शहरी स्वास्थ्य केन्द्र | ११७ |
| सामुदायिक स्वास्थ्य केन्द्र | १३० |
| आयुर्वेद स्वास्थ्य संस्था | ६६ |
| **निजी तथा अन्य** | |
| निजी तथा अन्य स्वास्थ्य संस्था | ११६ |

| जिल्ला | नगरपालिका | गाउँपालिका | वडा संख्या | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|
| | | | | प्रतिनिधि सभा | प्रदेश सभा |
| गोरखा | २ | ९ | ६९ | २ | ४ |
| मनाङ | ० | ४ | २८ | १ | २ |
| मुस्ताङ | ० | ५ | ३५ | १ | २ |
| म्याग्दी | १ | ५ | ४१ | १ | २ |
| कास्की | १ | ४ | ७२ | ३ | ६ |
| लमजुङ | ४ | ४ | ७५ | १ | २ |
| तनहुँ | ४ | ६ | ८५ | २ | ४ |
| नवलपुर ब.सु.पू. | ४ | ४ | ९२ | २ | ४ |
| स्याङ्जा | ५ | ६ | ९७ | २ | ४ |
| पर्वत | २ | ५ | ६१ | १ | २ |
| बागलुङ | ४ | ६ | ८५ | २ | ४ |
| **गण्डकी प्रदेश** | २७ | ५८ | ७५९ | १८ | ३६ |

Map sourece : Department of Survey

Data source : Health Directorate/DHIS-2/FY 2080_81

[पदभार ग्रहणः २०८१ भाद्र १७ गते]

# गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका माननीय मन्त्री कृष्ण प्रसाद पाठकज्यूको १०० दिनका मुख्य उपलब्धिहरू

## पृष्ठभूमि

संघीय शासन प्रणाली अनुरुप स्वास्थ्य सेवाको संचालन तथा व्यवस्थापनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहमा निहित छ। प्रदेशमा रहेका सिमित श्रोत, साधन र अवसरहरूको अधिकतम उपयोग गर्दै गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ को दीर्घकालीन सोच "समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक" एवं "सामाजिक न्याय, सुशासन र जवाफदेहितामा आधारित स्वास्थ्य प्रणालिको विकासका माध्यमबाट स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र उपभोग सुनिश्चित गर्दै स्वास्थ्यलाई समग्र विकासको एक प्रमुख आधार स्तम्भको रुपमा स्थापित गर्ने" लक्ष्य हासिल गर्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध छ। संविधानले मौलिक हकका रूपमा व्याख्या गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवालाई प्रदेशमा रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट आम नागरिकको पहुँचमा पुऱ्याउँदै प्रदेशमा विशेषज्ञ र विशिष्टिकृत सेवा विस्तार गर्न मन्त्रालय निरन्तर क्रियाशिल रहेको छ। साथै स्वास्थ्य क्षेत्रका उपलब्धिहरू हासिल गर्न संघ सरकार, स्थानीय तह र सरोकारवालहरू बीच समन्वय र सहकार्य बढाउन स्वास्थ्य मन्त्रालय निरन्तर लागि परेको छ।

स्वास्थ्य क्षेत्रमा सुशासन र नविनतम प्रविधिको प्रयोगलाई आत्मसात गर्दै स्वास्थ्य मन्त्रालयले आफ्ना गतिविधी सञ्चालन गरिरहेको छ। स्वास्थ्य क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीहरू पहिचान गरी त्यसको समाधान गरेर समग्र स्वास्थ्य प्रणालीको सबलीकरण र आम प्रदेशबासीको स्वास्थ्य अवस्थामा सुधार ल्याउन मैले स्वास्थ्य मन्त्रालयको नेतृत्व गरेसँगै घोषणा गरेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्य योजना बमोजिम यस अवधि (१०० दिन) मा प्राप्त गरेका मुख्य मुख्य उपलब्धिहरू यहाँहरू मार्फत गण्डकी प्रदेशबासी दाजुभाई तथा दिदि बहिनी समक्ष प्रस्तुत गर्दछु।

मन्त्रालयबाट तय भएका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना र सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरेको बाह्र बुँदे प्रस्ताव अनुसूचीमा संलग्न गरेको छु।

## क) नीतिगत तथा कानूनी सुधार

१. गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बागलुङलाई स्तरोन्नति गरी गण्डकी आयुर्वेद अस्पताल र धौलागिरी आयुर्वेद अस्पताल कायम गरेर संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक सहमति समेत प्राप्त भई कार्य अगाडी बढाइएको छ।

२. आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई गण्डकी प्रदेश सरकारको निर्णयबाट स्तरोन्नति गरी आँपपिपल अस्पताल र बुर्तिबाङ अस्पताल कायम गरेर बजेट तथा कार्यक्रम सम्बन्धित कार्यालयमा

पठाउने व्यवस्था हुनुका साथै संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक सहमति समेत प्राप्त भई कार्य अगाडी बढाइएको छ।

३. गण्डकी प्रदेश निजामती सेवा ऐन र नियमावलीलाई स्वास्थ्य क्षेत्र मैत्री हुने गरी संशोधन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गरिएको छ।

४. नेपाल सरकारबाट छात्रवृत्ती प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पदस्थापन र सरुवा सम्बन्धी मापदण्ड, २०८१ तयार गरी लागू गरिएको छ।

५. संघीय सरकारबाट जारी भएका निर्देशिका, कार्यविधि बमोजिमका समिति गठन गर्ने क्रममा प्रादेशिक एक स्वास्थ्य (One Heath) निर्देशक समिति, एक स्वास्थ्य प्राविधिक समन्वय समिति, नसर्ने रोगको रोकथाम तथा नियन्त्रण प्रादेशिक समन्वय समिति गठन भएको छ।

६. प्रदेश मातहतका सबै अस्पतालको फार्मेसीहरूको सुदृढीकरणको लागि अस्पतालको परिसरमा अस्पतालको आफ्नै फार्मेसी मात्र सञ्चालन गर्ने निर्णय गरिएको छ।

७. आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेशको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गर्नका लागि प्रकृया अगाडी बढाइएको छ।

८. चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहन सम्बन्धी कार्यविधि, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि, अन्तर अस्पताल विशेषज्ञ चिकित्सक परिचालन सम्बन्धी कार्यविधि, निजि स्वास्थ्य संस्थाको दर्ता, नविकरण र अनुगमन सम्बन्धी

कार्यविधि, अस्पतालको आर्थिक व्यवस्थापन सम्बन्धी मापदण्ड, क्यान्सर उपचार सहायता सम्बन्धी कार्यविधि जस्ता विभिन्न कानूनी दस्तावेजहरूको मस्यौदा तयार गरिएको छ।

९. गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका ३९ निकायहरूको नाम कार्य प्रकृतिको आधारमा संशोधन गर्नको लागि मन्त्रिपरिषदको बैठकमा प्रस्ताव पेश गरिएको छ।

## ख) सुशासन

१०. मन्त्रालयका मा. मन्त्रीज्यू र सचिव बीच एवं मन्त्रालयका सचिव र प्रादेशिक निकायका महानिर्देशकहरू बीच कार्यसम्पादनमा आधारित कार्यसम्पादन सम्झौता गरिएको छ।

११. चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम समयमै सम्पन्न गर्न मातहतका सबै निकायहरूको मासिक कार्ययोजना बनाई कार्यान्वयनमा लगिएको छ। चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा प्रदेश समानिकरण तर्फ ९.६८ प्रतिशत र संघ सशर्त तर्फ ९.९३ प्रतिशत गरी समग्रमा ९.७४ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ।

१२. मन्त्रालय र मातहतका निकायहरूको त्रैमासिक रुपमा प्रगति तथा खर्च विवरण वेबसाइटमा राखी सार्वजनिकीकरण गर्नुका साथै मासिक प्रगति समीक्षा भर्चुअल विधिबाट सुरु गरिएको छ।

१३. मन्त्रालयमा आन्तरिक नियन्त्रण समिति गठन गरी मातहतका विभिन्न निकायहरूबाट १८.८७% बेरुजु यस अवधिमा फछ्र्यौट गरिनुका साथै तदारुकताका साथ बेरुजु फछ्र्यौट गर्न निर्देशन दिइएको छ।

## ग) सेवा प्रवाह तथा संस्थागत क्षमता विकास

१४. मातृशिशु मितेरी अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा सुरुवात गरिएको छ।

१५. संक्रामक तथा सरुवा रोग अस्पतालमा बीमा मार्फत जनरल सेवा विस्तार गर्नको लागि थप विशेषज्ञ जनशक्ति (कन्सल्टेन्ट मेडिकल जनरलिस्ट १ जना, कन्सल्टेन्ट स्त्री रोग विशेषज्ञ १ जना, कन्सल्टेन्ट बाल रोग विशेषज्ञ १ जना र कन्सल्टेन्ट हाड जोर्नी विशेषज्ञ १ जना) को दरवन्दीको व्यवस्था गरिएको छ।

१६. प्रदेश सरकार मातहतका अस्पतालहरू (मनाङ अस्पताल बाहेक) मा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ।

१७. मुस्ताङ अस्पतालमा एम.डी.जि.पि. चिकित्सकको व्यवस्था गरी विगतमा प्रभावित भएको आकस्मिक प्रसुति तथा नवजात शिशु सेवालाई निरन्तरता दिइएको छ।

१८. लमजुङ अस्पतालमा सघन उपचार कक्ष (ICU) सेवा सञ्चालन गरिएको छ।

१९. क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी जोखिम समूहका ४८९२ जनाको स्क्रिनिङ गरी ६९ जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको छ। सोही अवधिमा थप १५ जना औषधी प्रतिरोधी क्षयरोगका बिरामी समेतको पहिचान गरिएको छ।

| क्र. सं. | पालिका | मिति | स्क्रिनिङ गरिएको संख्या | पत्ता लागेको बिरामीको संख्या |
|---|---|---|---|---|
| १ | देवचुली-७ र १६ | २०८१/०६/२ र ३ गते | ११०९ | २६ |
| २ | बारपाक-१ र ४ | २०८१/०७/११ र १२ गते | ५४५ | १० |
| ३ | बन्दिपुर-२ | २०८१/०७/२६ र २७ गते | ४०३ | ५ |
| ४ | गलकोट-२ र ११ | २०८१/०८/११ र १२ गते | ७०९ | १० |
| ५ | पोखरा -२७ | २०८१/०८/१३ र १४ गते | ४८१ | ३ |
| ६ | भिरकोट-१ | २०८१/०८/१९ गते | ४३४ | १३ |
| ७ | वालिङ-१ | २०८१/०८/२० गते | ६९३ | ५ |
| ८ | हुप्सेकोट १ र २ | २०८१/०८/२२ र २३ गते | ५१८ | १० |
| | | **जम्मा सेवाग्राही संख्याः** | ४८९२ | ६९ |

२०. उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको समुदायस्तरमा परीक्षण गरी समयमै निदान गर्ने गरी स्क्रिनिङ कार्यक्रम संचालन गरिएको छ। स्याङजाको पुतलीबजार नगरपालिका वडा नं. ३ मा २२६ जनामा गरिएको स्क्रिनिङमा १०६ उच्च रक्तचाप र २० जनामा मधुमेहको समस्या देखिएको छ।

२१. क्यान्सर उपचार सहायता कार्यक्रम अन्तर्गत नेपाल सरकार-बाट उपलब्ध हुने सहायता रकमका अलावा गण्डकी प्रदेश सरकारबाट थप रू. एक लाख रकम उपलब्ध गराउने गरी

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं, बि. पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौंसँग सम्झौता गरी कार्यक्रमको विस्तार गरिएको छ। चालु आर्थिक वर्षको श्रावण देखि कात्तिक २३ गतेसम्म गण्डकी प्रदेशका जना ५२४ क्यान्सरका बिरामिहरूले रू. १,६९,२८,९३५/- बराबरको उपचार सहायता प्राप्त गरेका छन्।

२२. स्वीकृत कार्यविधि बमोजिम रेडक्रससँगको समन्वयमा १४४४६ पिन्ट रगत तथा रगतजन्य सेवा बिरामीहरूलाई निःशुल्क उपलब्ध गराइएको छ।

२३. प्रदेश सरकार मातहतका १२ अस्पतालमा सेवाग्राहीको चाप अनुसार जनशक्ति व्यवस्थापन र थप सेवा प्रवाहका गर्न २६४ जना प्राविधिक जनशक्ति थप गरिएको छ।

२४. धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अन्तरंग सेवा सञ्चालन गर्न तत्कालको लागि सेवा करारमा २० जना र प्रादेशिक निकाय तथा स्वास्थ्य कार्यालयहरूमा थप १५ जना प्राविधिक जनशक्तिको व्यवस्था गरिएको छ।

२५. धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अकुपञ्चर, क्षारसूत्र, मर्मचिकित्सा, अग्निकर्म सेवा प्रवाह गरिएको छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँमा क्षारसूत्र स्वयं निर्माण गरी सेवा प्रदान गरिएको छ।

२६. मनाङ अस्पतालमा फार्मेसी सेवा सञ्चालनमा ल्याइनुका साथै प्रदेश मातहतका अस्पतालहरूको फार्मेसी सुदृढीकरणका लागि २१ जना फार्मेसी सहायक सेवा करारमा राखिएको छ।

२७. गण्डकी प्रदेश भित्र सरकारी ९ वटा र निजी ६ वटा गरी जम्मा १५ वटा स्वास्थ्य संस्थाबाट ७७५ जना बिरामीहरूले डायलायसिस सेवा प्राप्त गरिरहेका छन्। चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा १०,२६९ पटक डायलाइसिस सेवा प्रवाह भएको छ जसबाट बिरामीहरूको ८ करोड २१ लाख ५२ हजार बचत भई स्वास्थ्यमा हुने व्यक्तिगत खर्च घटेको छ। यसैगरी संक्रामक तथा सरूवा रोग अस्पताल, कास्कीमा आवश्यक जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन गरी २५ शैय्या क्षमताको डायलाइसिस केन्द्र संचालन कार्यलाई थप व्यवस्थित गरिएको छ।

२८. छात्रवृत्ति करार कार्यक्रम अन्तर्गत विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत, नर्सिङ अधिकृत सहितका कुल ३७ जना स्वास्थ्यकर्मीहरूलाई यस अवधिमा मातहतका कार्यालयहरूमा कामकाजमा खटाइएको छ।

२९. धौलागिरी, गोरखा, बेनी, लमजुङ, मध्यविन्दु र दमौली अस्पतालमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरी मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ।

३०. मनाङ र मुस्ताङ अस्पतालमा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म विस्तारित OPD सेवाको सुरुवात गरिएको छ साथै बेनी, पर्वत, लमजुङ, स्याङ्जा, दमौली, गोरखा, र मध्यविन्दु अस्पतालमा विस्तारित सेवाको कार्यक्रमलाई निरन्तरता

दिनुको साथै प्रदेश सरकारले अस्पतालहरूमा जनशक्तिको थप व्यवस्था गरे सँगै सेवाग्राहीको संख्यामा उल्लेख्य वृद्धि भएको छ। जस्तै चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा अस्पतालहरूबाट गत वर्षको सोहि अवधिको भन्दा थप ४१,३९५ जना बिरामीले सेवा लिएका छन्।

३१. अस्पतालहरूको सर्जरी सेवालाई थप विस्तार र व्यवस्थित गरिएको छ। हालसम्म गोरखा अस्पतालमा १८ जनाको र धौलागिरी अस्पतालमा १४ जना ल्याप्रोस्कोपिक सर्जरी (पित्त थैलीको पत्थरीको) भएको छ भने लमजुङ, तनहुँ, धौलागिरी र मध्यविन्दु अस्पतालमा गरी जम्मा २६ जना आङ खसेका महिलाहरूको निःशुल्क शल्यक्रिया गरिएको छ।

३२. दमौली अस्पताल, तनहुँमा सञ्चालित हेमोडायलाइसिस सेवालाई व्यास न.पा.-१०, दुम्सी बजार स्थित व्यास नगर अस्पतालमा स्थानान्तरण गरी दमौली अस्पतालकै व्यवस्थापनमा सेवा सञ्चालन हुने व्यवस्था मिलाइएको छ।

३३. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई प्रदेशको रणनैतिक स्थानहरूमा विस्तार गर्न नक्साङ्कन (Laboratory Mapping) गरिएको छ।

३४. मनाङ, मुस्ताङ, पर्वत र मध्यविन्दु अस्पतालको निर्माणाधीन भवन चालु आर्थिक वर्षभित्रै सम्पन्न गरी सेवा प्रवाहमा प्रयोग गर्ने गरी निर्माण कार्यलाई तिव्रता दिन समन्वय गरिएको छ।

३५. दमौली अस्पतालको लागि थप जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ। दमौली अस्पताल, स्याङ्जा अस्पताल, लमजुङ अस्पताल र गण्डकी आयुर्वेद अस्पताल, कास्कीको

नयाँ भवन निर्माणको लागि डिपिआरको प्रक्रिया अघि बढाइएको छ।

## घ) आपूर्ति व्यवस्थापन

३६. गण्डकी प्रदेशका  सबै स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा अटुट रुपमा संचालनका लागि आपूर्ति व्यवस्थापन भइरहेको छ।

३७. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २२ प्रकारका, नवजात शिशु एवं बाल रोगको ११ प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि  ४५ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधीहरू खरिदका लागि टेण्डर आव्हान भई सम्झौताको चरणमा पुगेको छ।

३८. USG Machine (७ वटा) खरिदको लागि प्राविधिक मूल्याङ्कन सम्पन्न भई आर्थिक प्रस्ताव खोल्न सूचना प्रकाशन गरिएको छ भने अन्य बायोमेडिकल उपकरणहरू (Pool therapy, Interventional radiology, Phaco machine) को प्राविधिक स्पेसिफिकेसन तथा लागत तयार गरी सूचना प्रकाशनको चरणमा रहेको छ।

३९. औषधी तथा औषधीजन्य सामग्रीहरूको परिमाण निर्धारण तथा प्रक्षेपण सम्बन्धी गण्डकी प्रदेशका ११ जिल्लाका स्वास्थ्यकर्मीहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न गरी स्थानीय तहका स्वास्थ्यकर्मीलाई समेत उक्त तालिम प्रदान गरिएको छ।

## ङ) मातृ, नवजात तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण

४०. गण्डकी प्रदेशका सबै स्थानीय तहबाट हेली उद्धार गर्न सकिने गरी "जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि, २०८०" बमोजिम जटिलतामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूको हेलिकप्टर मार्फत Air Lifting गर्ने कार्य निरन्तरता दिइएको छ र यस अवधिमा मन्त्रालयको समन्वयमा संघीय सरकारबाट थप २ जना समेत गरी जम्मा ६७ जनाको हेली उद्धार गरिएको छ।

४१. सम्पूर्ण गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थाबाट वा समुदायमै मोबाइलमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत हालसम्म ६५४७ गर्भवती दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली संचालनमा ल्याइएको छ।

४२. सुरक्षित प्रसुतिका लागि २० जना स्वास्थ्यकर्मीहरूलाई दक्ष प्रसुतिकर्मी (SBA) तालिम प्रदान गरिएको छ भने थप २७ जना स्वास्थ्यकर्मीहरूले हाल तालिम लिइरहनुभएको छ।

४३. गर्भवतीका लागि ग्रामीण अल्ट्रासाउन्ड सेवालाई स्थानीय तहको समन्वयमा थप ५ वटा स्वास्थ्य संस्था (अर्मन स्वास्थ्य चौकी, म्याग्दी, रेश स्वास्थ्य चौकी, बागलुङ, भुकताङ्गले स्वास्थ्य चौकी, पर्वत, मग्याम चिसापानी स्वास्थ्य चौकी, स्याङ्जा, मुस्चोक स्वास्थ्य चौकी, गोरखा र गौडा प्राथमिक स्वास्थ्य केन्द्र, लमजुङ) मा विस्तार गरिएको छ।

४४. गण्डकी प्रदेशको आकस्मिक प्रसुति तथा नवजात शिशु सेवाहरूको हालको अवस्थाको विश्लेषण गरी भौगोलिक दुरी

र पहुँचको आधारमा रणनैतिक ठाउँहरूमा सो सेवालाई सुदृढ गर्ने कार्य अघि बढाइएको छ।

४५. गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा (CEONC) को सुरुवात गरिएको छ।

**च) गुणस्तरीय जनस्वास्थ्य सेवा प्रवाह**

४६. विज्ञसहित सम्बन्धित सरोकारवाला बीच प्रतिजैविक प्रतिरोधका सम्बन्धमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट भएको अनुसन्धानको नतिजा सार्वजनिक गर्नुका साथै सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। यसका साथै स्वास्थ्य मन्त्रालयमार्फत प्रदेश भित्रका सबै अस्पतालहरूमा antibiotic prescription गर्नु अघि antibiotic sensitivity analysis गर्ने व्यवस्थाका लागि परिपत्र गरिएको छ।

४७. लमजुङ, पर्वत, बागलुङ, तनहुँ र मनाङमा आत्महत्या रोकथाम सचेतना अभियान तथा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको छ।

४८. कास्की, लमजुङ, पर्वत, तनहुँ, गोरखा र म्याग्दीको प्रसुति तथा नवजात शिशु सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा ७६ पटक सम्बन्धित संस्थामा तालिम प्राप्त प्रशिक्षक मार्फत प्रयोगात्मक सुपरिवेक्षण र सहयोग (MNH Onsite Coaching and Mentoring) कार्यक्रम सम्पन्न गरिएको छ।

४९. लमजुङ, पर्वत, बाग्लुङ, नवलपरासी (ब सु पू) मा पोष्टपार्टम

डिप्रेसन सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ।

५०. स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि कास्की, पर्वत, लमजुङ र नवलपरासी जिल्लामा (ब.सु.पू.) CPHE (Continuing Pubic Health Education) कार्यक्रम संचालन भएको छ।

## छ) सूचना व्यवस्थापन तथा अनुसन्धान

५१. अस्पतालहरूमा संचालित इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली लगायत डिजिटल हेल्थ सम्बन्धी सबै प्रणालीहरूलाई थप व्यवस्थित गर्ने गरी १० जना सूचना प्रविधि अधिकृत सहित डिजिटल हेल्थ इम्प्लिमेण्टेशन युनिट (Digital Health Implementation Unit) को स्थापना गरिएको छ।

५२. गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको प्रमुख आतिथ्यतामा मातहत निकायका प्रमुख एवं अन्य सरोकारवालाहरूको सहभागितामा "आ.व. २०८०/८१ मा मातहतका कार्यालयबाट सम्पादित स्वास्थ्य कार्यक्रमहरूको प्रदेश स्तरीय वार्षिक समीक्षा कार्यक्रम" सञ्चालन गरी आगामी कार्यदिशा तय गरिएको छ। साथै चालु आर्थिक वर्षको मातहतका सबै कार्यालयहरूको पहिलो त्रैमासिक समीक्षा सम्पन्न गरिएको छ।

५३. ६६ स्थानीय तहका ६७३ वटा स्वास्थ्य संस्थाबाट Real Time प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System: e-HMIS) कार्यान्वयनमा ल्याइएको छ। हाल

स्थानीय तहका ३००४ स्वास्थ्यकर्मीहरूले प्रयोग गरिरहेको यस प्रणाली मार्फत दैनिक औषतमा ६००० जना बिरामीको विवरण प्राप्त हुने गरेको छ।

५४. सबै अस्पतालहरूमा Centralized Electronic Medical Record-EMR System लागू गरिएको छ। यसलाई थप प्रभावकारी बनाउनको लागि ९ वटा अस्पतालहरूमा आइ.टी. सहायकको व्यवस्था गरिएको छ।

५५. स्थानीय तहसँगको समन्वयमा ७० स्थानीय तहमा Family Health Profile तयार गरिएको छ। हालसम्म ३,२२,७७४ परिवारका १२,२१,५७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य संकेत नम्बर प्रदान गरिएको छ।

५६. विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Electronic Logistics Management Information System: e-LMIS) लाई ९३५ स्वास्थ्य संस्थामा विस्तार गरिएको छ। हाल ९७ प्रतिशत स्वास्थ्य संस्थाहरूले Real Time रिपोर्टिङ गरिरहेका छन् जसले गर्दा e-LMIS को समग्र रिपोर्टिङ दर ९८ प्रतिशत (राष्ट्रिय औषत दर ९५ प्रतिशत) पुगेको छ।

५७. स्वास्थ्य निर्देशनालयबाट गण्डकी प्रदेशको प्राथमिकता अनुरुप स्वास्थ्य क्षेत्रमा खोज तथा अनुसन्धानका कार्यक्रमहरू प्राज्ञिक संस्था, विकास साझेदार एवं सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा गर्न प्रस्ताव आह्वान गरी उपयुक्त प्रस्ताव छनौटको कार्य भइरहेको छ।

५८. स्वास्थ्य क्षेत्रमा भएका अध्ययन अनुसन्धानका नतिजाको सारांश प्रस्तुतीकरणका लागि गण्डकी विश्वविद्यालय र स्वास्थ्य

निर्देशनालयबीच सम्झौता गरी मिति २०८१/०९/१९ देखि २१ गते सम्म अन्तराष्ट्रिय सम्मेलन कार्यक्रम तय भएको छ।

## ज) जनस्वास्थ्य विपद विरुद्धको  तयारी र प्रतिकार्य

५९. गण्डकी प्रदेशका विभिन्न जिल्लामा देखा परेको डेंगु रोगको प्रकोप नियन्त्रण एवं व्यवस्थापनको लागि आपतकालीन प्रतिकार्य टिम,स्वास्थ्य प्राविधिक टोलीका साथै जनप्रतिनिधी र सरोकारवालाहरू समेत खटिई लामखुट्टेको बासस्थान "खोज र नष्ट गर" अभियानलाई समुदायस्तरमा संचालन गरिएको छ। यसका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थाहरूमा १६,१६२ किट उपलब्ध गराइनुका साथै प्रदेश मातहतका अस्पतालहरूमा डेंगु रोगको निःशुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइको छ। स्वास्थ्य मन्त्रालयबाट डेंगु सम्बन्धी जनचेतनामूलक सचेतना सामग्री (१५,००० प्रति)  तयार गरी वितरण गरिएको छ।

६०. प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शिघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।

## झ) समन्वय तथा सहकार्य

६१. गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरूको समाधान र भावी योजनाको कार्यान्वयनको लागि सम्माननीय

प्रधानमन्त्रीज्यू र माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूसमक्ष प्रस्तावहरू पेश गरिएको छ।

६२. गण्डकी डिजिटल हेल्थको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू र माननीय सूचना तथा सञ्चार मन्त्रीज्यू समक्ष प्रस्तुतिकरण गरी सो को कानूनी व्यवस्था एवं केन्द्रीय मापदण्ड र गण्डकी प्रदेशमा थप सहयोगको लागि पैरवी गरिएको छ।

६३. मध्यविन्दु जिल्ला अस्पतालको भवन निर्माण कार्य ढिलाई भएकोमा सहयोगी संस्थासँग समन्वय गरी निर्माण कार्यलाई निरन्तरता गर्ने कार्य अगाडी बढेको छ।

६४. WHO, GIZ, USAIDS, World Bank, UNFPA, UNICEF, NSI, One Heart International लगायतका साझेदार संस्थाहरूसँग छलफल गरी गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा थप सहयोगको लागि पहल गरिएको छ।

यसका साथै मैले मन्त्रालय मातहतका प्रादेशिक निकाय एवं जिल्लास्थित अस्पताल, स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्रका साथै स्थानीय तह मातहत सञ्चालित स्वास्थ्य संस्थाहरूको स्थलगत अवलोकन भ्रमण गरी सेवा प्रवाहको अवस्थाबारे जानकारी लिने र समस्याहरूको पहिचान गरी समाधानको लागि सहजीकरण गर्ने कार्य निरन्तर गरिरहेको छु।

# अनुसूचीहरू

## गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका माननीय मन्त्रीज्यूबाट प्रस्तुत भावी कार्ययोजनाः

**[अल्पकालीन योजना]**

### क. नीतिगत तथा कानूनी सुधार सम्बन्धमा

१ आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समितिको गठन आदेश तर्जुमा गरिने छ।

२ चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरिनेछ।

३ प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि तयार गरिनेछ।

४ निजि स्वास्थ्य संस्था दर्ता, नविकरण र अनुगमन सम्बन्धि कार्यविधि संशोधन गरिने छ।

५ अस्पताल सञ्चालनको लागि स्थानीय तहहरूसँग समन्वयात्मक प्रणाली विकास गरिने छ।

६ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिने छ।

७ गण्डकी प्रदेश निजामती सेवा ऐन र नियमावलीलाई स्वास्थ्य क्षेत्र मैत्री हुने गरी  संशोधन गरिने छ।

८ सरकारी, गैरसरकारी संघ-संस्था, दातृनिकायहरू तथा निजी क्षेत्रबीच समन्वय तथा सहजीकरणका लागि प्रदेश स्वास्थ्य समन्वय समिति गठन गरी क्रियाशील बनाइने छ।

९ आकस्मिक स्वास्थ्य उपचार कोष व्यवस्थापन कार्यविधी तर्जुमा गरिने छ।

१० संघीय सरकारबाट व्यवस्था भए बमोजिमका स्वास्थ्यसँग सम्बन्धित समितिहरूलाई क्रियाशिल बनाइने छ।

## ख. सुशासन सम्बन्धमा

१ मातहतका कार्यालयहरूको नामाकरण कार्य प्रकृतिको आधारमा संशोधन गरिने छ।

२ मातहतका कार्यालयहरूको बेरुजु न्यूनीकरणका लागि कार्यदल गठन गरिने छ।

३ मन्त्रालय र मातहतका  कार्यालयको त्रैमासिक रुपमा प्रगति तथा खर्च विवरण सार्वजनिकीकरणका लागि सम्बन्धित कार्यालयको वेबसाइटमा राख्ने व्यवस्था मिलाइने छ।

४ प्रत्येक कार्यालयका प्रमुखहरूसँग मन्त्रालयबाट कार्यसम्पादनमा आधारित कार्यसम्पादन  सम्झौता गरिने छ।

## ग. आपूर्ति व्यवस्थापन सम्बन्धमा

१ प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूमा मौजुदा औजार उपकरणहरूको अवस्था र प्रयोगको अडिट गरी सफ्टवयेरमा प्रविष्ट गरिने छ र मर्मत सम्भारको लागि बायोमेडिकल युनिटमा बायोमेडिकल प्राविधिकको थप व्यवस्था गरिने छ।

२ प्रदेश भित्र औषधिको गुणस्तर जांचको व्यवस्था मिलाईने छ।

३ मातहतका कार्यालयहरूमा बिग्रिएर प्रयोगमा नआएका सामाग्रीहरूको लिलाम कार्य अगाडि वढाउन प्रदेशस्तरीय कार्यदल गठन गरी सहजिकरण गरिने छ।

घ. मातृ र नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण

१ पूर्ण संस्थागत सुत्केरी अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

२ कम्तिमा ५० जनालाई  दक्ष प्रसुतिकर्मी तालिम (Skilled Birth Attendent) सम्पन्न गरी (Skilled Health Personal / Skilled Birth Attendent) Modular तालिमको प्रशिक्षक प्रशिक्षणको व्यवस्था मिलाइने छ।

३ गर्भवतीका लागि ग्रामीण अल्ट्रासाउन्ड सेवालाई प्राथमिकताका साथ थप स्वास्थ्य संस्थामा विस्तार गरिने छ।

४ हेमोडायलाइसिस सेवाको लागि प्रतिक्षारत संख्यालाई शुन्य कायम राख्ने नीति अनुसार डायलाइसिस सेवाको सुदृढिकरणलाई निरन्तरता दिइनेछ।

५ संघीय सरकारलाई सबै जिल्ला र भुगोलमा रहेका गर्भवती तथा नवशिशुको लागि आकस्मिक हवाई उद्धारको व्यवस्थापन गर्न पैरवी गरिने छ।

६ पाठेघर खस्ने समस्या र फिस्टुला रोगको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था गरिने छ।

## ङ. स्वास्थ्य क्षेत्रको संस्थागत क्षमता विकास तथा विस्तार

१ स्वास्थ्य क्षेत्रको सँगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक संरचनागत व्यवस्थापन गरिने छ।

२ प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई गण्डकी प्रदेशस्थित स्थानीय तहका रणनैतिक स्थानमा विस्तार गरिनेछ।

च. सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता सम्वन्धमा

१ अस्पतालबाट सेवा लिने क्रममा सेवाग्राहीलाई सहयोग गर्न अस्पतालले सहजकर्ताको व्यवस्था गरी सेवाग्राही मैत्री वातावरण सृजना गरिने छ। साथै व्यवस्थित प्रतिक्षालयको व्यवस्थापन गरिने छ।

२ अस्पताल तथा कार्यालयहरूमा सुरक्षित खानेपानी तथा सरसफाइ व्यवस्थापन गरिने छ।

३ अस्पतालहरूमा उपलब्ध हुने औषधिको विवरण अद्यावधिक गरी अस्पताल फार्मेसिहरूलाई थप व्यवस्थित बनाइने छ।

४ योजना तर्जुमा र कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थानिय तह, प्रदेश र संघको सहभागितामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

५ स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको कार्य प्रभावकारी रुपमा अघि बढाइने छ।

६ प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई सेवा प्रवाह गर्न अनुकूल हुने उपयुक्त स्थानमा स्थानान्तरण गरी थप सेवा सहित सञ्चालन गरिने छ।

७ गण्डकी र धौलागिरी आर्युवेद औषधालयमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी अन्तरंग सेवा व्यवस्थित गरिने छ।

## छ. सूचना व्यवस्थापन तथा अनुसन्धानमा आधारित निर्णय प्रकृया सम्वन्धमा

१ गण्डकी प्रदेशको प्राथमिकता अनुरुप स्वास्थ्य क्षेत्रमा खोज तथा अनुसन्धानका कार्यक्रमहरू प्राज्ञिक संस्था, विकास साझेदार एवं सरोकारवालासँगको समन्वय र सहकार्यमा साझेदारीमा अध्ययन अनुसन्धान गरी सार्वजनिकीकरण गरिने छ।

## ज. जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य सम्वन्धमा

१ सम्भावित स्वास्थ्य महामारीहरू र प्राकृतिक विपदहरूको पूर्व तयारी र प्रतिकार्यको लागि स्वास्थ्य आपतकालीन योजना तथा विपद जोखिम नक्साङ्कन, स्रोतको पहिचान र समन्वयात्मक रुपमा द्रुत प्रतिकार्य गरिने छ।

२ स्वास्थ्य विपद सम्बन्धि सूचनाहरूलाई तत्काल अद्यावधिक गर्न सोरमास (Surveillance Outbreak Response Management and Analysis System: SORMAS) लाई विस्तार गरी प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

३ सम्भावित विपद् वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधी तथा सामग्रीहरूको अतिरिक्त भण्डारण (Buffer Stock) को व्यवस्था गरिने छ।

४ प्रदेश स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र र एम्बुलेन्स डिस्प्याच सेन्टरको सुदृढीकरण गरिने छ।

### झ. सर्ने तथा नसर्ने रोगहरूको व्यवस्थापन सम्बन्धमा

१ सर्ने रोग जस्तै क्षयरोग, कुष्ठरोग र नसर्ने रोग जस्तै मधुमेह, उच्च रक्तचाप, आदिको समुदायस्तरमा स्क्रीनिङ गरिने छ।

२ अस्पतालहरूमा मानसिक उपचार सेवाको विस्तारको साथै मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिने छ।

३ आत्महत्या रोकथाम, सुत्केरी पश्चात हुने अवशाद (Post-partum Depression) तथा अन्य मानसिक रोगलाई न्यूनीकरण गर्न अभियानको रुपमा विद्यालय स्वास्थ्य शिक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ।

## [मध्यकालीन योजना]

### क. नीतिगत तथा कानूनी सुधारका सम्बन्धमा

१ सबै नीतिमा स्वास्थ्य निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

२ विद्युतीय स्वास्थ्य कार्यान्यन निर्देशिका (Digital Health Implementation Guideline) निर्माण गरिनेछ।

३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्गचित्र तर्जुमा गरिने छ।

४ अस्पताल व्यवस्थापन समिति गठन आदेशको संशोधन एवं पुनर्लेखन गरिनेछ।

५ डिजिटल स्वास्थ्य ऐन तथा नियमावली तर्जुमा गरिनेछ।

६ प्रदेश जनस्वास्थ्य ऐन तथा नियमावली तर्जुमा गरिनेछ।

७ विद्यालय तथा सामुदायिक स्वास्थ्यकर्मी व्यवस्थापन मापदण्ड तयार गरिने छ।

८ सेवा करारमा स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापन कार्यविधि संशोधन गरिने छ।

९ प्रदेश मातहतका कार्यालयको कार्य जिम्मेवारी र अन्तर्गतका स्वास्थ्यकर्मीहरूको कार्यविवरण समयानुकुल अद्यावधिक गरिने छ र साथै स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको नमूना कार्यविवरण तयार गरिने छ।

१० विस्तारित बहिरङ्ग सेवालाई व्यवस्थित र दिगो बनाउन आवश्यक नीतिगत तथा व्यवस्थापकीय प्रबन्ध गरिने छ।

११ स्वास्थ क्षेत्रका सवालहरूको सम्बोधनका लागि लगानी वृद्धि गर्न विशेष तथा समपुरक अनुदानलाई प्राथमिकताकामा राखिने छ।

## ख. सुशासन सम्बन्धमा

१ आर्थिक तथा प्रशासनिक आन्तरिक नियन्त्रण प्रणालीलाई कडाइका साथ लागु गरिने छ।

२ मातहतका कार्यालयहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षणका लागि सफ्टवेयर तयार गरी कार्यान्वयन गरिनेछ।

## ग. भौतिक पूर्वाधार सम्बन्धमा

१ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माण गर्न जग्गा प्राप्तिको लागि संघ तथा स्थानीय सरकारसँग समन्वय र पहल गरिने छ।

२ लमजुङ, स्याङ्जा र दमौली अस्पतालको नयाँ भवन निर्माण कार्य प्रारम्भ गरिने छ।

३ स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश र स्वास्थ्य कार्यालय, नवलपरासी ब.सु.पू को भवन निर्माण गरिने छ।

४ आयुर्वेद कार्यालयहरूको भौतिक संरचना सुदृढीकरण गरिने छ। साथै जिल्ला सदरमुकामस्थित अस्पतालबाट आयुर्वेद सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ।

५ गण्डकी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा सञ्चालनमा ल्याईने छ।

## घ. आपूर्ती तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा

१ आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न समयमै अत्यावश्यक औषधीहरूको प्रक्षेपण तथा परिमाण निर्धारण गरी नियमित आपुर्तिका लागि आवश्यक व्यवस्था मिलाइने छ।

२ अत्यावश्यक स्वास्थ्य सेवा [खोप, औषधी ढुवानी लगायत कोल्ड चेन कायम गर्न रेफरीजिरेटर भ्यान] तथा जनस्वास्थ्यसँग सम्बन्धित सेवाका लागि स्वास्थ्य कार्यालय र आयुर्वेद कार्यालयहरूमा सवारी साधनको व्यवस्थापन गरिने छ।

३ शैक्षिक संस्थासंग सहकार्य गरी एनेस्थेसिया स्नातक, बायोमेडिकल इक्युमेन्ट टेक्निसियन (Biomedical Equipment Technician: BMET), एनेस्थेसिया सहायक (Anaesthesia Assistant) लगायतका जनशक्ति उत्पादन गर्ने व्यवस्था मिलाइने छ।

## ङ. मातृ र नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण सम्बन्धमा

१ दुर्गम क्षेत्रहरूमा मातृ तथा नवशिशु स्वास्थ्य सेवाहरूको पहुँच र उपयोगमा सुधार ल्याईने छ।

२ स्थानीय र प्रादेशिक स्वास्थ्य संस्थाहरूबाट गर्भवती देखि सुत्केरीसम्म नियमित रुपमा गुणस्तरीय सेवा (ANC To PNC Continuum of Care) प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

३ धौलागिरी, मातृशिशु मितेरी, लमजुङ अस्पताल लगायतका रणनैतिक स्थानका अस्पतालहरूमा मातृशिशु प्रतिक्षा गृह (Maternity Waiting Home) स्थापना तथा प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

४ रणनैतिक स्थानमा रहेका बर्थीङ सेन्टरलाई मापदण्ड बमोजिम सुदृढिकरण गरिने छ।

५ गण्डकी प्रदेशमा मिड्वाइफ्री र स्टाफ नर्स शैक्षिक कार्यक्रम सञ्चालन कार्यलाई प्राथमिकता साथ अघी बढाइने छ।

## च. स्वास्थ्य क्षेत्रको संस्थागत क्षमता विकास तथा विस्तार सम्बन्धमा

१ सेवाग्राहीको चाप, रोगको प्रकृति एवं भार र जनसंख्या आदिको आधारमा अस्पतालहरूको स्तरोन्नती गरिने छ।

२ चिकित्सक एवं स्वास्थ्यकर्मीहरूलाई योगदानमा आधारित प्रोत्साहनको व्यवस्था गरिने छ।

३ आवश्यकतामा आधारित तालिम व्यवस्थापन गरी निश्चित सेवासंग सम्बन्धित तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सोहि अनुसारको सेवा प्रवाह हुने संस्थामा खटाउने व्यवस्था गरिने छ।

४ धौलागिरी र गण्डकी आयुर्वेद औषधालयलाई औषधी उत्पादन तथा प्रशोधन गर्न थप क्षमता विस्तार गरिने छ।

५ धौलागिरी, दमौली, मध्यविन्दु र स्याङजा अस्पतालमा ट्रमा केयर सेन्टरको स्थापना गरी दुर्घटनामा परेका वा ठूलो चोटपटक लागेका बिरामीहरूलाई तत्काल आवश्यक उपचार पाउने व्यवस्था गरिने छ।

६ औषधि व्यवसायीहरूको दर्ता र नवीकरणको कार्यको सहजताको लागि औषधि व्यवस्था विभागसँग समन्वय गरी प्रदेश स्तरीय कार्यालय स्थापना गर्न पहल गरिने छ।

## छ. सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता सम्बन्धमा

१ अस्पतालहरूबाट अनलाइन प्रणालिमार्फत टिकट लिने व्यवस्था मिलाइने छ।

२ अपाङ्गता मैत्री स्वास्थ्य सेवाको अवधारणा कार्यन्वयन गरी सेवाको पहुँच, उपयोगमा बृद्धि गरी कार्यान्वयन गरिने छ। साथै अपाङ्गता भएका बालबालिकाहरूको शल्यक्रिया एवं पुनर्स्थापना कार्यलाई प्राथमिकताका दिइने छ।

३ प्रतिजैविक प्रतिरोध (Anti-Microbial Resistance: AMR) निगरानी, न्युनिकरण तथा व्यवस्थापनको लागि एक स्वास्थ्य रणनीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ।

४ स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चिताको लागि अस्पतालहरूमा क्लिनिकल अडिटको साथै सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम सञ्चालन गरिने छ।

५ अकुपञ्चर, फिजियोथेरापी, प्राकृतिक चिकित्सा आदि सेवाहरूलाई एकीकृत रुपमा आयुर्वेद औषधालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरूबाट प्रवाह गरिने छ।

६ प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई आधुनिक एवं सुविधा सम्पन्न बनाई विशिष्टीकृत परीक्षण सरल र सहजरुपमा हुने व्यवस्था मिलाईनुका साथै प्रयोगशालाहरूको गुणस्तर नियमन तथा अनुसन्धानका लागि सवलिकृत गरिने छ।

७ आवश्यक जनशक्ति, तालिम र पूर्वाधारसहितको उच्च भेगीय स्वास्थ्य सेवा (High Altitude Sickness Treatment Center) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ साथै मेडिकल पर्यटन (Medical Tourism) सेवा प्रारम्भ गरिने छ।

८ स्वास्थ्य बीमाको दायरा बढाउन पहल गरिने छ।

९ विश्व बैंकको सहयोगमा सञ्चालित गुणस्तरीय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

१० हृदयघात रोगको आकस्मिक व्यवस्थापनका लागि अस्पतालहरूमा आवश्यक औषधि (Thrombolytic Drugs) को व्यवस्था गरिनेछ।

## ज. सूचना व्यवस्थापन तथा अनुसन्धानमा आधारित निर्णय प्रकृया सम्बन्धमा

१ स्वास्थ्य सेवा प्रणालीमा प्रविधिको पूर्ण उपयोग गर्न इन्टरअपरेबल डिजिटल स्वास्थ्य प्लेटफर्मको विकास एवं विस्तार गरी विद्युतीय स्वास्थ्य रेकर्ड (Electronic Health Record) प्रणालिको विकास गरिने छ।

२ स्वास्थ्य तथ्याङ्कको सुरक्षित भण्डारण, गोपनियता तथा समुचित प्रयोगको लागि आवश्यक संरचनागत व्यवस्था गरिने छ।

### झ. जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य सम्बन्धमा

१ सरोकारवालाहरूको समन्वय र सहकार्यमा स्थानीय तहमा द्रुत प्रतिकार्य टोलीका लागि सामग्री (Rapid Response Team Kit) तथा सबै जिल्लामा अत्यावश्यक उपचार टोली का लागि सामग्री (Emergency Medical Deployment Team Bagpack) आवश्यक मात्रामा व्यवस्थापन गरिने छ।

२ स्थानीय तहको समन्वयमा प्रदेशभर खानेपानी गुणस्तर परिक्षण एवं निगरानी कार्यलाई विस्तार तथा सुदृढ गरिने छ।

### ञ. सर्ने तथा नसर्ने रोगहरूको व्यवस्थापन सम्बन्धमा

१ मानसिक तथा दीर्घ रोगहरूको रोकथाम, समयमा निदान र उपचारको दायरा बढाइने छ।

२ स्वास्थ्यका बृहत सामाजिक निर्धारकहरूको यथोचित व्यवस्थापन गर्न गैरस्वास्थ्य क्षेत्रको सहभागिता, सहकार्य तथा समन्वयलाई संस्थागत गरिने छ।

३ विद्यालय तहमा स्वास्थ्य शिक्षालाई अनिवार्य विषयको रुपमा अध्ययन गराउन पहल गरिने छ।

### ट. सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन सम्बन्धमा

१ निजी स्वास्थ्य संस्थाको उपचार खर्चलाई नियमन गर्न निजी क्षेत्रबाट प्रवाहित सेवाहरूको वैज्ञानिक मुल्य निर्धारण गरी लागु गरिने छ।

## [दीर्घकालिन योजना]

### क. नीतिगत तथा कानूनी सुधार सम्बन्धमा

१ स्वास्थ्य क्षेत्रको विशेषता र संवेदनशिलतालाई ध्यान दिई सार्वजनिक खरिद ऐन तथा नियमावली संशोधन गर्न पहल गरिने छ।

२ स्वास्थ्य सेवामा प्रदेश सरकारको लगानी समयानुकूल वृद्धि गर्दै कुल बजेटको कम्तीमा १० प्रतिशत हुने गरी स्वास्थ्यमा हुने व्यक्तिगत खर्चको भार क्रमशः घटाउँदै लगिने छ।

## ख. भौतिक पुर्वाधार सम्बन्धमा

१ अस्पतालहरुमा आवासगृहको व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ।

२ प्रदेशमा क्यान्सर, मुटु, मृगौला रोगको उपचारको लागि विशिष्टीकृत अस्पताल र मातृशिशु, महिला तथा बाल अस्पताल निर्माण कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ।

३ स्वास्थ्य तालिम केन्द्रमा सुविधासम्पन्न तालिम हल र छात्रावास निर्माण गरिने छ।

## ग. सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता सम्बन्धमा

१ नाक, कान, घाँटी, दाँत र आँखा स्वास्थ्य सेवालाई एकीकृत स्वास्थ्य सेवाको रुपमा विस्तार गरी प्रदेशका अस्पतालबाट सञ्चालन गरिनेछ र यी सेवालाई दुर्गम क्षेत्रमा पहुँच बढाउन आवश्यकताको आधारमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ।

## घ. जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य सम्बन्धमा

१ प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई सुदृढीकरण गर्दै संक्रामक तथा सरुवा रोगहरुको निगरानीका साथै अनुसन्धान केन्द्रको रुपमा विकास गरिने छ।

२ एयर एम्बुलेन्सको व्यवस्थापन गरिने छ।

## ङ. सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन सम्बन्धमा

१ शिक्षण अस्पताल तथा निजी क्षेत्रसँग सहकार्य गरेर विशेषज्ञ जनशक्तीको उत्पादन गरिनेछ साथै विशिष्टिकृत स्वास्थ्य सेवा प्रदेशका स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराउने व्यवस्था गरिने छ।

२ निजी क्षेत्रले लगानी गर्न सक्ने जनस्वास्थ्यका क्षेत्र तथा परियोजनाहरू पहिचान गरी स्वास्थ्य क्षेत्र लगानी खाका (Health Sector Investment Framework) तयार गरी लागु गरिने छ।

अन्त्यमाः

स्वास्थ्य क्षेत्रमा रहेको समस्या पहिचान गर्ने र तिनको समाधान खोजी गर्ने ,आर्थिक तथा प्रशासनिक शुसासन कायम गर्ने , नागरिकहरुप्रति सरकारको तर्फवाट जवाफदेहिता वहन गर्ने, राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने, आर्थिक तथा प्रशासनीक सुशासन कायम गर्ने उद्धेश्यका साथ यो अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना तयार गरिएको छ। यो कार्ययोजना मार्फत संस्थागत, संरचनागत र कानूनी सुधार गर्ने लक्ष्य लिइएको छ।

यो कार्ययोजनालाई ३ भागमा वाडिएको छ। जसमा ६ महिनामा सम्पन्न हुने कामलाई अल्पकालीन, २ वर्षको अवधिमा सम्पन्न हुने कामलाई मध्यकालिन र ५ वर्षभित्र सम्पन्न हुने कामलाई दिर्घकालीन कार्ययोजनाको रुपमा अगाडि वढाइने छ। कार्ययोजना मध्ये अल्पकालीन योजनाको ३ महिनाको अवधिमा, मध्यकालीन कार्ययोजनाको प्रत्येक ४ महिनाको अवधिमा र दीर्घकालीन कार्ययोजनाको प्रारम्भिक चरणको शुरुवात गरि प्रत्येक ६ महिनाको अवधिमा समीक्षा गरी आवश्यक पृष्ठपोषण लिई कामलाई प्रभावकारी रुपमा अगाडी वढाइने छ।

# नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश भएका प्रस्तावहरू

१. गण्डकी प्रदेश सरकारको पहिलो निर्णय "गण्डकी प्रदेशमा मुटु, मृगौला, क्यान्सर र बालरोग सेवा सहितको विशिष्टीकृत अस्पताल निर्माण गर्ने" कार्यान्वयनको लागि पोखरा महानगरपालिका वडा नं १६ जौवारी स्थित सिंचाई विभागको करिव २०० रोपनी जग्गा उपलब्ध गराउनको लागि आवश्यक सहजीकरण गरिदिनु हुन।

२. पच्चिस शैय्याको अन्तरंग सेवासहित सञ्चालनको क्रममा रहेको गण्डकी आयुर्वेद अस्पताल, कास्की र धौलागिरी आयुर्वेद अस्पताल, बागलुङको पूर्वाधार निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरिदिनु हुन।

३. गण्डकी प्रदेश सरकार मातहत सञ्चालित ५० शैय्याका जिल्ला अस्पतालहरूको स्तरोन्नती र स्थानीय तह मातहतका ५, १० र १५ शैय्याका अस्पतालहरूको सञ्चालनको लागि दरबन्दी संरचना सहित औजार उपकरण व्यवस्थापनको लागि संघीय सरकारले अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत आवश्यक बजेट उपलब्ध गराइदिनु हुन।

४. प्रत्येक प्रदेशमा १०० शैय्याको प्रादेशिक आयुर्वेद अस्पताल निर्माण गर्ने नीति बमोजिम गण्डकी प्रदेशमा आयुर्वेद अस्पताल निर्माण गर्न पोखरा महानगरपालिका वडा नं. २६ को कित्ता नं ७४५ को जग्गामध्ये कालिका चोक जलधारे थुमन सडकको पूर्व

उत्तरतर्फको २४-७-२-० रोपनी जग्गा प्राप्ति भैसकेकाले श्रोत सुनिश्चित गरी आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि बजेट व्यवस्था गरिदिनु हुन।

५. संघीय सरकार मार्फत निर्माणाधीन बेनी अस्पताल म्याग्दीको भवन २०७६ सालमा नै सम्पन्न हुनु पर्नेमा निर्माण कार्य हालसम्म पनि नसकिएकाले निर्माण कार्य यथासिघ्र सम्पन्न गर्न आवश्यक सहजिकरण गरिदिनु हुन।

६. गण्डकी प्रदेश सरकार मातहतका स्याङ्जा, दमौली र लमजुङ अस्पतालका भवनहरू निर्माणार्थ हाल डिपिआरको कार्य भइरहेकाले आगामी आर्थिक वर्षमा भवन निर्माणको लागि बजेटको व्यवस्था गरिदिनुहुन।

७. गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरूको लागि MRI दुई वटा र CT Scan मेसिन ५ वटा व्यवस्थापन गरिदिनुहुन।

८. आयुर्वेद, पञ्चकर्म, योग, प्राकृतिक चिकित्सा, मेडिकल टुरिजम, स्पोटर्स मेडिसिनजस्ता सेवाहरू प्रवाह गर्ने गरी गण्डकी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापन गर्न पोखरा रंगशाला परिसरमा राष्ट्रिय खेलकुद परिषद, काठमाडौंको स्वामित्वमा रहेको ५ रोपनी ७ आना जग्गा प्राप्तिको लागि गण्डकी प्रदेश सरकारबाट मिति २०८०।१२।२१ मा निर्णय भई संघीय सरकार समक्ष पेश भैसकेको हुदाँ उक्त जग्गा प्राप्तिको लागि सहजीकरण गरिदिनु हुन।

९. नेपाल सरकार र विश्व बैंक बीच २०८०।११।०६ मा नेपाल

गुणस्तरिय स्वास्थ्य प्रणाली कार्यक्रमको लागि १०३.८४ मिलियन अमेरिकी डलर सहायता स्विकार गर्ने निर्णय भए बमोजिम गण्डकी प्रदेश सरकारले प्राप्त गर्नुपर्ने रकम संघीय शसर्त अनुदानको रुपमा प्राप्त हुने व्यवस्था मिलाइदिनु हुन।

१०. आधारभूत स्वास्थ्य सेवा अन्तर्गत नागरिकहरूले निःशुल्क प्राप्त गर्नुपर्ने औषधी (९८ प्रकारका) प्राप्तिमा कठिनाई भएको साथै अस्पतालहरूले स्वास्थ्य बीमा बोर्डबाट प्राप्त गर्नुपर्ने शोधभर्ना रकम समयमै प्राप्त नगरेकाले सेवा प्रवाहमा समस्या देखिएको हुदाँ सो सम्बन्धमा आवश्यक सहजिकरण गरिदिनु हुन।

११. नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८०।११।०६ गते भएको "स्थानीय तह मातहत रहेका आँपपिपल अस्पताल, गोरखा र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई ५० शैय्या अस्पतालमा स्तरोन्नती गरी गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने" निर्णय बमोजिम आँपपिपल अस्पताल, गोरखा र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई ५० शैय्यामा स्तरोन्नती गरी आवश्यक दरबन्दी संरचनासहित गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्न आवश्यक सहजिकरण गरिदिनुहुन।

१२. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको सभा र प्राज्ञिक परिषदमा गण्डकी प्रदेश सरकारको प्रतिनिधित्वको सुनिश्चितता गरिदिनुहुन।

# तस्विरमा १०० दिन

## सपथ ग्रहण समारोह एवं पदवहाली





## सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष स्वास्थ्य क्षेत्रको माग पेश



## संघीय मा. अर्थमन्त्रीज्यू समक्ष स्वास्थ्य क्षेत्रमा बजेट प्रस्ताव



## संघीय मा. सञ्चार तथा सूचना प्रविधि  मन्त्रीज्यू समक्ष स्वास्थ्य क्षेत्रको सूचना प्रविधि विषयमा छलफल



## संघीय मा. स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू समक्ष समन्वयात्मक छलफल



# स्वास्थ्य क्षेत्रको वार्षिक समीक्षा गोष्ठी





# मन्त्रालय मातहत निकायका प्रमुखहरुसँग अन्तरक्रिया





# जोखिममा रहेका गर्भवती महिलाको हवाई उद्धार








# AI एक्सरे सेवाको शुभारम्भ [वालिङ र गलकोट नगरपालिका]






## मा. मुख्यमन्त्रीज्यू समक्ष आँपपिपल अस्पताल र बुर्तिवाङ अस्पतालको विषयमा छलफल



## प्रयोगशालाहरूको म्यापिङ तथा अन्तरक्रिया कार्यक्रम



# प्रदेशस्तरिय निकायहरूको अवलोकन भ्रमण






# अस्पतालहरुको अवलोकन भ्रमण






# अस्पतालहरुको अवलोकन भ्रमण





# अस्पतालहरुको अवलोकन भ्रमण





# अस्पतालहरुको अवलोकन भ्रमण






# अस्पतालहरुको अवलोकन भ्रमण






# विभिन्न दुर्घटनामा परेका विरामीहरुको स्वास्थ्य लाभको कामना गर्नुहुँदै मा. मन्त्रीज्यू





# स्वास्थ्य कार्यालयहरुको अवलोकन भ्रमण






## स्वास्थ्य कार्यालयहरूको अवलोकन भ्रमण




## स्वास्थ्य सामग्री वितरण



# आयुर्वेद कार्यालयहरुको अवलोकन भ्रमण






# रजहर आयुर्वेद औषधालयको अवलोकन भ्रमण




# मन्त्रालयका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको सार्वजनिकिकरण एवं पत्रकार अन्तरक्रिया कार्यक्रम



# स्थानीय तह अन्तर्गतका अस्पतालहरूको अवलोकन भ्रमण






# स्थानीय तह अन्तर्गतका अस्पतालहरूको अवलोकन भ्रमण






# स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरूको अवलोकन भ्रमण






# स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरुको अवलोकन भ्रमण






# मन्त्रालयका नियमित बैठक एवं छलफल





# अपाङ्गता भएका बिरामीहरुको स्वास्थ्य तथा पुनर्स्थापना सम्वन्धी छलफल





# विकास साझेदारहरुसँगको छलफल एवं अन्तरक्रिया








गण्डकी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक




**सम्पर्क ठेगाना**

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, नेपाल

०६१-५३५०९५

mohp.gandaki@gmail.com

https://mohp.gandaki.gov.np